# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## जानकी गाउँपालिका
## बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल

Babarmahal / Anamnagar, Kathmandu, Nepal


**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

(लुम्बिनी प्रदेश निर्देशनालय )

पत्र संख्या: २०७८।७९
च.नं. १०९

मिति: २०७९।३।२३

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू
जानकी गाउँपालिका, कार्यपालिकाको कार्यालय,बाके ।

**कैफियत सहितको राय**

हामीले जानकी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. जानकी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ५ करोड ३० लाख ५३ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९।३।२० मा प्राप्त प्रतिक्रियाबाट रू १५ लाख ४ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू ७ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू१ करोड ९८ लाख ४९ हजार, नियमित गर्नुपर्ने रू २ करोड २६ लाख ९७ हजार र पेश्की रू ८२ लाख ९४ हजार रहेको छ ।पालिकाको गतवर्ष ११करोड ५२ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू १६ करोड ६७ लाख ६३ रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ** ।

३. गाउँ पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी )
नायब महालेखापरीक्षक


Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328

email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५५ | ९१ | ५३०५३ | ० | ३९ | १५०४ | ५५ | ५२ | ५१५४९ | ७०९ | २२६९७ | १९८४९ | ० | ० | ४२५४६ | ८२९४ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| | ११५२१४ | ० | ० | ० | ० | ५१५४९ | १६६७६३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : जानकी गाउँपालिका, बाँके , जानकी गाउँपालिका , बाँके

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बस बहादुर राना | २०७७-६-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मतीन अहमद अन्सारी | २०७७-२-२१ | |
| | | **बेरुजु रकम** | ५३,०५२,९५९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ११,१८,०१,२७५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,४७,४६,००० | **चालु खर्च** | २०,९७,५९,९११ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,३०,१८,००० | **पूँजीगत खर्च** | १८,२८,५२,९३६ |
| **राजश्व बाँडफाँट** | ६,३१,७७,०९१ | **वित्तीय/अन्य व्यवस्था** | १,२६,४०,०६४ |
| **आन्तरिक आय** | १,८९,८६,९८७ | | |
| **अन्य आय** | ३,६१,३४,३३० | | |
| **कुल आय** | ४२,६०,६२,४०८ | **कुल खर्च** | ४०,५२,५२,९११ |
| **बाँकी मौज्दात** | | १३,२६,१०,७७२ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचय**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस राप्पातीसोनारी गाँउपालिका अन्तर्गत वडा 6 वडा ६३.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा 37 हजार 839 जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७।। मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **एकिकृत आय व्यय**<br>स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६९ र ७२ वमोजिम यस उपमहानगरपालिकाले वित्तिय हस्तान्तरण ,प्राप्त अनुदान तथा सहायता,आन्तरिक आम्दानि र स्थानिय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय व्यय<br>हिसावकोआर्थिक वर्ष २०७७।७८को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| सि.नं | व्ययतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | 236555506.00 |
| | क) नगद | 0.00 | २ | **पूँजीगत खर्च** | 221613144.00 |
| | ख) बैंक | 102850304.94 | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | 0 |
| | क) आन्तरिक राजस्व | 10608765.20 | | ख) ब्याज भुक्तानी | 0 |
| | ख) राजस्व बाँडफाँड | 745027622.63 | | ग) अन्य भुक्तानी | 0 |
| | ग) अन्य आय | 13952446.80 | ४ | **लगानी** | |
| | घ) मालपोत रजिष्ट्रेशन | 13952446.80 | | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | | ऋण लगानी | 0 |
| | क) वित्तिय समानीकरण अनुदान | 121700000.00 | | शेयर लगानी | 0 |
| | ख) सशर्त अनुदान | 194460419.00 | | अन्य लगानी | 0 |
| | ग) समपूरक अनुदान | 3727215.00 | ५ | **धरौटी फिर्ता** | 32787802.00 |
| | घ) विशेष अनुदान | 00.00 | ६ | **जनश्रमदान फिर्ता** | 0 |
| | ङ) अन्य अनुदान | 279926.50 | | | |
| | च) जि.स.स. अनुदान | 27160000.00 | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **कोष फिर्ता** | 7786318.00 |
| | क) वित्तिय समानीकरण अनुदान | 5477000.00 | ८ | **मौज्दात** | 83106.65 |
| | ख) सशर्त अनुदान | 14850000.00 | | क) बैंक मौज्दात | 89963664.70 |
| | ग) समपुरक अनुदान | 18459000.00 | | ख) नगद मौज्दात | 0 |
| | घ) विशेष अनुदान | 10000000.00 | ९ | **शसर्त अनुदान फिर्ता** | 55202962.22 |
| | ङ) अन्य अनुदान | 161953.50 | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | १० | **गत वर्षको बढी अल्या** | 0 |
| ६ | **अन्य** | | ११ | **जनश्रमदान मौज्दात** | 0 |
| | क) क्षेत्रीय शहरी विकास योजना | 0 | १२ | **धरौट मौज्दात** | 13938503.01 |
| | ख) सडक बोर्ड नेपाल | 0 | १३ | **कोष खाताको मौज्दात** | 4719952.00 |
| | ग) पर्यटन बोर्ड नेपाल | 0 | | | |
| | घ) एन एन एस डब्लु ए | 0 | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | 12210000.00 | | | |
| ८ | **जनसहभागिता (नगद)** | 0 | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त** | 0 | | | |
| १० | **धरौटी आल्या** | 2600467.45 | | | |
| 11 | **धरौटी आय** | 14616837.56 | | | |
| १२ | **लगानीको साँवा फिर्ता** | 0 | | | |
| १३ | **अन्य विविध आय** | 0 | | | |
| | **जम्मा** | 633141958.58 | | **जम्मा** | 633141958.58 |

४ **संगठन**

४.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ... दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म पालिका केन्द्र तर्फ प्रमुख प्रशाकीय अधिकृत सहित ११ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ४.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ईन्जिनियर लगायत बिभिन्न पदमा ५८ जना कर्मचारीहरु करारमा राखि रु१३९७३१५० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको आवस्यकता आकलन बेगर २९ जना नियुक्ती गरी ६३६६१०० खर्च गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न .. पदमा २९ जना करार नियुक्ति गरी बर्षभरीमा रु ७६०७०५० भुक्तानी गरेको अनियमित दिखएको रु....... | ७,६०७,०५० |

| | पद | नाम | रकम |
|---|---|---|---|
| १ | इन्जिनियर | निसार अहमद दर्जी | 467870 |
| २ | इन्जिनियर | प्रजेश कुमार आले | |
| ३ | सव.इन्जिनियर | दिल बस्याल | 366600 |
| ४ | सव.इन्जिनियर | विवेश श्रेष्ठ | 366600 |
| ५ | स.क.अ. /स. लेखा | दिपेन्द्र कुमार पाण्डे | 392600 |
| ६ | सव.इन्जिनियर | प्रमोद कुमार वर्मा | 366600 |
| ७ | अ.स.इन्जिनियर | रोशन घर्ति मगर | 345930 |
| ८ | अमिन | अजय मण्डल | 345930 |
| ९ | कम्प्युटर सहायक | शिव कुमार शुक्ला | 267800 |
| १० | सा. परिचालक/ कम्प्युटर स. | प्रतिक्षा वस्नेत | 267800 |
| ११ | सा. परिचालक/ कम्प्युटर स. | मन्जु तिवारी | 267800 |
| १२ | सा. परिचालक/ कम्प्युटर स. | रिना कुमारी वर्मा | 267800 |
| १३ | सा. परिचालक/ कम्प्युटर स. | पुस्तिका थापा | 267800 |
| १४ | सा. परिचालक/ कम्प्युटर स. | रन्जिता धिताल | 267800 |
| १५ | सा. परिचालक/ कम्प्युटर स. | राजेन्द्र प्रसाद वाजपेयी | 392600 |
| १६ | कार्यालय सहायक | जानुका वि.क. | 267800 |
| १७ | वडा पशु प्राविधक | दुर्गा प्रसाद वर्मा | 175500 |
| १८ | वडा पशु प्राविधक | धनसरी वि.क. | 175500 |
| १९ | वडा पशु प्राविधक | केदार नाथ यादव | 175500 |
| २० | वडा पशु प्राविधक | सुगिता मण्डल | 175500 |
| | | | 175500 |

| | | | |
|---|---|---|---|
| २१ | वडा पशु प्राविधक | सावित राम गडरीया | |
| २२ | कर सकंलक | कमलेश कुमार कान्दु | 175500 |
| २३ | अ.न.मी. | मिना तिवारी | 344240 |
| २४ | अ.न.मी. | माया बस्याल | 344240 |
| २५ | अ.न.मी. | दिपा पुन | 244240 |
| २६ | अनिता श्रेष्ठ | मेलमिलापकर्ता | 175500 |
| २७ | जयराम यादव | मेलमिलापकर्ता | 175500 |
| २८ | रतन कुरमा वर्मा | मेलमिलापकर्ता | 175500 |
| २९ | राधा देवी विष्ट | मेलमिलापकर्ता | 175500 |
| | | | 7607050 |

४.३ **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । । पालिका अन्तर्गत ६ वडा मध्ये ४ वडा सचिव रिक्त रहेको पाईयो ।रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ

४.४ सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ६ वटा ऐन, १ वटा नियमावली र ५ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | 775 | 775 |
| मृत्युदर्ता | 190 | 190 |
| बसाईसराई दर्ता | 40 | 40 |
| विवाह दर्ता | 231 | 231 |
| सम्बन्धविच्छेद दर्ता | 3 | 3 |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | | |
| कालोपत्रे सडक मर्मत | 0 | 0 |
| ग्राभेल सडक निर्माण | | |
| ग्राभेल सडक मर्मत | | |

४.५ **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिकायोजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| विधी | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाख देखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-५० लाख सम्म | ५० लाख भन्दा बढी |
|---|---|---|---|---|---|---|
| उपभोक्ता | 3 | 27 | 33 | 22 | 2 | 0 |
| ठेक्का | 4 | 26 | 50 | 7 | 9 | 1 |
| जम्मा | 7 | 53 | 83 | 29 | 11 | 1 |

५ **आन्तरिक नियन्त्रण**

५.१ **आन्तरिक नियन्त्रण प्रणालीः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा

| | | | | |
|---|---|---|---|---|
| | | | देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई् वितरणमुखि रहेको पाईयो।<br>मुल्य अभिवृद्धि कर नियमावली**२०५३**को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको।<br>कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठनगरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरीसरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>सवारि लग बुक बेगर तथा मर्मत अभिलेख खाता नराखी ईन्धन मर्मत खर्चमा आवस्यकता पहिचान बेगर अस्वभाविक बढी खर्च लेखेको पाईयो ।<br>पालिका आफैले संचालन गरेका आयोजन कार्यक्रम मा अनुगमन गरेको भनी पदाधिकारी कर्मचारीहरु लाई अनुगमन भता दिएको पाईयो ।अनुगमनको एकिकृत अभिलेख राखेको पाईएन ।<br>प्रयोजन नखुलाई टुक्रा विलका आधारमा बिविध खर्च अन्तर्गत खाना तथा खाजाको बिल भुक्तानी गरेको पाईयो ।<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली | |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा लेखापरीक्षणमा पाईयो ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको<br>• सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |
| ५.३ | | | **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।·<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।·<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृतगर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५.४ | | | भ्रमण भ्रमण खर्च नियमावली २०६५ अनुसार भ्रमण सम्बन्धि कार्यको तोकिएबमोजिम अभिलेख राख्नु पर्नेमा पालिकाले भ्रमण तथा अनुगमन खर्च लेख्दा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको तथा म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन लिने गरेको पाईएन । यस्तो कार्यमा सुधार हुनु पर्दछ । | |
| ५.५ | | | **बेरुजु लगतः** आर्थिक कार्यविधी तथा वितिय उत्तरदायीत्व ऐन नियमावली अनुसार केन्द्रिय निकायहरुहरुले बार्षिक प्रतिवेदन आर्थिक कारोवारको संक्षिप्त बार्षिक प्रतिवेदन बेरुजुको अध्यावधिक लगत तयार गरी राख्नु पर्ने व्यवस्था छ ।तर पालिकाले म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख लगायतका ती म. ले. प. फाराम अद्यावधिक राखेको पाईएन । तोकिए बमोजिमका फारम राखी बेरुजु अवस्थाको अध्यावधिक अभिलेख राख्नु पर्दछ । | |
| ६ | | | **सम्पती** | |
| ६.१ | | | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

६.२ **सम्पत्ति हस्तान्तरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको,कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

६.३ **सरकारी सार्वजनिक जग्गाको संरक्षण**: कार्यालयले सरकारी तथा सरकारी ऐलानी जग्गाको संरक्षण गरेको हुनु पर्दछ । नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको ऐलानी–पर्ती जग्गाको अभिलेख तयार गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र रहेको ऐलानी–पर्ती सार्वजनिक जग्गाको संरक्षण तथा प्रवर्धन गर्ने कार्य तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

७ **बजेट कार्यक्रम**

७.१ **लक्ष्य प्रगति** : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ .।पालिकाले तयार गरेको बार्षिक प्रगति अभिलेख अनुसार निम्नानुसार प्रगति भएको देखिन्छ । तोकिएको ढाँचामा चौमासिक तथा बार्षिक प्रतिवदेन तयार गर्नु पर्दछ ।।

| कार्यक्रम/योजना संख्या | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|
| | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| उपभोक्ता समिति | 0 | 0 | 0 | 80 |
| कोटेशन | 0 | 0 | 0 | 17 |
| शिलबन्दी | 0 | 0 | 0 | 5 |
| ठेक्का | 0 | 0 | 3 | 3 |

७.२ **अवकाश कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले अवकाश कोष स्थापना गरेको छैन । कानुन बमोजिम अवकाश कोष स्थापना गर्नु पर्दछ ।।

७.३ **वित्तीय विवरण**

·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट

स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । ।

७.४ **संचित कोषमा स्थानान्तरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा पालिकाले आर्थिक बर्ष २०७७।७८ को अन्त्यमा बाँकी रहेका देहायबमोजिम स्थानान्तरण गरेको छ ।।

| विवरण | शुरु मौज्दात | प्राप्ति | खर्च वा फिर्ता | श्रेस्ता अनुसार अन्तिम मौज्दात | बैंक अनुसार अन्तिम मौज्दात | फरक |
|---|---|---|---|---|---|---|
| स्थानीय तह संचित कोष खाता | 130,010,304. | 473,704,318.63 | 513,750,958.22 | 89,963,664.70 | 89,963,664.70 | |
| चालु खर्च खाता जोर वर्ष | - | 339,245,756.33 | 280,863,711.22 | 58,382,045.11 | 58,382,045.11 | - |
| पुँजीगत खर्च खाता जोर वर्ष | - | 250,671,310.00 | 240,084,618.00 | 10,586,692.00 | 10,586,692.00 | - |
| स्थानीय तह धरौटी खाता | 2,600,467.45 | 14,616,837.56 | 3,278,802.00 | 13,938,503.01 | 13,938,503.01 | - |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | - | 4,710,000.00 | 1,297,897.00 | 3,412,103.00 | 3,412,103.00 | - |
| विविध खर्च खाता | - | - | - | - | - | - |
| कर्मचारी कल्याण कोष खाता | - | 1,000,000.00 | - | 1,000,000.00 | 1,000,000.00 | - |
| मर्मत संभार कोष खाता | - | 6,500,000.00 | 6,488,421.00 | 11,579.00 | 307,849.00 | (296,270.00) |
| | | 1,090,448,222.52 | 1,045,764,407.44 | 177,294,586.82 | 177,590,856.82 | (296,270.00) |

७.५ **बजेट तथा अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीय तहमा उपाध्यक्षश्री भुमीसरा धिताललले मिति २०७७।३।१० गते रु ६९ करोड ३६ लाख ०४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।३०मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

७.६ **अबण्डा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा अबण्डा अध्यक्षकोषमा रु १ करोड मर्मतकोष रु ३५ लाख र अन्य दायित्व रु ३ करोड समेत रु ४ करोड ३५ कार्यक्रममा बाँडफाँड नगरिएको बजेट व्यवस्था गरेको पाईयो । बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी बजेट तर्जुमा गर्नु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ७.७ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएता पनि समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा गरेको पाईएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७.८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७.९ | | | **स्थानीय तथ्याङ्क** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गर्ने व्यबस्था गरेको छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति**,** कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना**,** बजेट**,** प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ७.१० | | | **प्रगती विवरण** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको छैन । पालिकाले कार्यसम्पादन स्थितीको चौमासिक र बार्षिक प्रगती विबरण तयार गर्नु पर्दछ । | |
| ८ | | | **कोभिड-१९ रोकथाम तथा व्यवस्थापन तर्फ-** | |
| ८.१ | | | **<u>जोखिम आकलन र पूर्व तयारी तथा जनशक्ति व्यवस्थापन</u>** पालिकाले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि ६ शैंयाको कोभिड-१९ विशेष अस्पताल प्रा.वि. जन चाहाना तथा खुला कारागारमा स्थापनन गरेको थियो । अस्पतालमा २ जना स्टाफ नर्स तथा २ जना पारामेडिक्सको व्यवस्था गरेको थियो । कार्यालयले भाडामा एम्बुलेन्सको व्यवस्था गरेको थियो । अस्पतालमा आईसोलेसन बेड, अक्सिजन प्लान्ट, अक्सिजन सिलिण्डर, पिपिई लगायत स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्था गरेको छ । कोभिड १९ का बिरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वस्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गनिर्देशन, २०७७ को अनुसार पालिकालले जोखिम विमा गरेको छ । पालिकले कोभिड १९ का बिरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वस्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको सुविधा सम्वन्धि मार्गदर्शन, २०७७ वमोजम कोरोना भाइरस (किोभड – १९) को संमणको उपचारमा संल जनशिको १०० प्रतिशत जोखम भत्ता कायालयले उपलध गराएको छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.२ | | | **निर्देशिका र हेल्थ प्रोटोकल निर्माण र कार्यान्वयनः** कार्यालयले कोभिडसँग सम्वन्धित निर्देशिका एवं हेल्थ प्रोटोकल तयार गर्नु पर्नेमा गरेको छैन । तीन तहका सरकारका निकायहरुमा निर्देशिका एवं हेल्थ प्रोटोकल कार्यान्वयन गर्नुपर्नेमा कार्यालयले गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्था पालना गर्नुपर्छ । | | |
| ८.३ | | | **पीसीआर प्रयोगशाला संचालन र अनुगमन सम्बन्धी व्यवस्था** २०७७ श्रावण देखि २०७८ असार मसान्त सम्ममा पालिकाले पि.सी.आर परीक्षण को लागि नमूना स्वाब संकलनका लागि अन्य स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति मार्फत जम्मा ११०७ जनाको नमूना संकलन गरेकोमा १३१ जना पोजेटिभ केश देखिएको थियो । पालिकाले आफ्नो प्रयोगशाला स्थापना गरेको छैन । | | |
| ८.४ | | | **औषधि, कीट तथा स्वास्थ्य उपकरण खरिद तथा अनुदान प्राप्तिको स्थिति** - औषधि, कीट तथा स्वास्थ्य उपकरण खरिद गर्दा कार्यालयले आवश्यकता पहिचान गरेको देखिएन । पालिकाले आवश्यक औषधि शिल कोटेशन मार्फत गरेको छ । खरिद भएको सामानहरु दाखिला गरेर वितरण गरेको छ । औषधि र कीट उपकरण आपूर्तिको लागि सम्झौता गरी भूक्तानी गरेको छ तर ढुवानि भाडाको दर फरक फरक राखेको छ । महामारी रोकथामको लागि विभिन्न स्रोतबाट प्राप्त स्वास्थ्य सामग्रीको अभिलेख पालिकाले राखेको छैन । | | |
| ८.५ | | | **क्वारेन्टीन र आईसोलेसन व्यवस्थापन** पालिकाले यस आ.व. मा कोरोना पोजेटिभ देखिएका तथा सिमा नाका बाट आएका जनतालाई राख्नका लागि विभिन्न १२ वटा विद्यालयमा क्वारेन्टीन सेन्टर तथा १ आईसोलेसन स्थापना गरेको थियो । आईसोलेसन सेन्टरमा १३ जना तथा क्वारेन्टीन सेन्टरमा ३९९ जना रहेका थिए । क्वारेन्टीन तथा आईसोलेशन मापदण्डको पालना केही भएतापनि बजेट अभावको कारणले पूर्ण रुपमा मापदण्डको पालना हुन नसकेको कार्यालयले जनाएको छ । | | |
| ८.६ | विभिन्न | | **राहत सम्बन्धी कार्यको** - पालिकाले यस आ.व.मा राहात वितरण गरेको छैन । नगद राहात वितरण गरेको छैन । राहात वितरण नगरेको हुनाले राहत पाउनेको अभिलेख र संख्या अध्यावधिक नगरेको पालिकाले जनाएको छ । | | |
| ८.७ | | | **खोप प्राप्ति र वितरणको अवस्था** पालिकाले खोप खरीद गरेको छैन । नेपाल सरकार बाट विभिन्न चरणमा ३३०३ डोज खोप अनुदान प्राप्त गरकोमा सबै वितरण गरेको छ । पालिकाले खोप भण्डारणका लागि छुट्टै केन्द्रको निर्माण तथा सञ्चालन गरेको छैन । | | |
| ८.८ | | | **समन्वय र सहकार्य सम्बन्धी कार्यको मूल्यांकन** कोभिड नियन्त्रण र व्यवस्थापनमा संघीय निकाय, प्रदेश सरकार अन्तर्गतका निकाय एवं स्थानीय तहहरुसँगको समन्वय र सहकार्यको गरेको पाईएन ।अन्तर निकायबीच सुचना आदन प्रदान भएको देखिएन । संघ प्रदेश र स्थानिय तह बीच कार्यबिबरण स्पष्टता देखिएन साथै जिम्मेबारीमा दोहोरोपना समेत भएकोले समन्वय तथा सहकार्यमा पालिकाले ध्यान दिनुपर्दछ । | | |
| ८.९ | | | **आर्थिक विवरण** - कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७।७८ प्राप्त रकम र खर्च सम्बन्धी बिबरण पालिकाले तयार गरेको छैन । बैक नगदि कितावमा रु.२४५४०६८।-खर्च भएको देखिन्छ । आय तथा व्यय खुलने गरी पालिकाले विवरण बनाउनु पर्दछ । | | |
| ९ | | | **क्षेत्रगत बजेट खर्च** | | |

**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 26605000 | 10964824 | 2.8 |
| २ | पूर्वाधार विकास | 268368034 | 158713519 | 40.8 |
| ३ | सामाजिक विकास | 188240766 | 98999390 | 25.4 |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0.0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 5138000 | 3843543 | 1.0 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 145406241 | 116738997 | 30.0 |
| | | 633758041.4 | 389260273.5 | |

उपरोक्त विवरण अनुसार खर्च मध्ये .पुर्वाधार विकास र प्रशासनिक कार्य सबैभन्दा बढी क्रमश ४० र ३० प्रतिशत रसेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १ प्रतिशत रहेको छ ।बातावरण तथा विकास मा पालिकाले वजेट बिनियोजन गरेको पाईएन । समग्र क्षेत्रमा समेट्ने गरी आवस्यकता अनुसार बजेट बिनियोजन खर्च गर्नु पर्दछ ।

१० **स्थानीय कानुन**

१०.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन,१ वटा नियमावली,५ कार्यविधि निर्देशिका लगायत १२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१०.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २३ र यो बर्ष थप भएको २९ गरी कुल ५२ विवाद दर्ता भएकोमा ४२ वटा मात्र फछ्र्यौट भई १०बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

११ **उपभोक्ता व्यवस्थापन**

११.१ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको

| | | | | |
|---|---|---|---|---|
| | | | जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४।७७।७।१७ | विद्युतिकरण उ स १ | बिद्युतिकरण | ३८२४५८ |
| १४६। | मुलवाटो सम्म बाटो नि उ स | पि सि सि | ११०९९११ |
| १९५ | हरिहरपुर कर्भल्ट उ स | कर्भल्ट | ६७३६८३ |
| २४२ | ओम प्रकास घर वाटो उ स | पि सि सि | ५८१९८९ |

११.२ **हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २४२ | ओमप्रकास घर वाट नि उ स | पि सि सि | ५८१९८९ | मिक्चर मेशिन | १५०००० |
| ३१५ | माटो पटान उ स | बाटो | ५८१४५५ | जे सि भि | १२०००० |
| ३१२ | लोनियाको घर सम्म बाटो मर्मत उ स | बाटो | ७७६५२५ | जे सि वि | १३५००० |
| | शिवपुरी गाँउ बाटो मर्मत उ स | नालि वाटो मर्मत | ७५५३६० | जे सि वि | ३५५००० |

११.३ **अधुरा आयोजना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहवाट प्राप्त विवरण अनुसार यो वर्ष रु ३२०७२ हजारका ७८ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

११.४ **कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च



https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको भएपनी रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।कुल कन्टिजेन्सी खर्चको अभिलेख समेत राखेको पाईएन । जसले गर्दा अनाव्यस्यक खर्च हुने जोखिम रहेकोले पालिकाले खाता खडा गरी कन्टिजेन्सि खर्च अभिलेख राख्नु पर्दछ । | | |
| ११.५ | | | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | | |
| १२ | 35 | २०७७-७-५ | **गत आर्थिक बर्षको भूक्तानी**<br>**<u>गत आर्थिक बर्षको भूक्तानी-</u>** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९ (१३) मा भूक्तानी दिन बाँकीको विवरण म.ले.प फा.न.२२१ प्रमाणित गरी राखेर मात्र आगामी आर्थिक वर्षमा भूक्तानी दिनुपर्ने व्यवस्था भएकोमा कायालयले गत बषको पदाधिकारी सुविधा भनि विभिन्न ७ जना पदाधिकारीलाई रु ६८४०००।- भूक्तानी भएकोले नियमानुसार नभएको रु. | | ६८४,००० |
| १३ | | | **वैठक भत्ता लगायतका** | | |
| १३.१ | ६५३ | २०७८-३-२५ | **<u>अतिरिक्त समय भत्ता</u>** -<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन,व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृतगराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । कानुनमा भएको व्यवस्था पालना गर्नुपर्दछ । | | |
| १३.२ | ६०१ | २०७८-३-१४ | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन,व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृतगराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार संचार खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | | ८४,००० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १३.२.१ | बस बहादुर राना | २४,००० |
| १३.२.२ | मतिन अहमद अन्सारी | १२,००० |
| १३.२.३ | प्रतिभा वली खड्का | १२,००० |
| १३.२.४ | निसार अहमद दर्जि | १२,००० |
| १३.२.५ | किशोर थापा | १२,००० |
| १३.२.६ | सुरेश वोहोरा | १२,००० |

| | | | | |
|---|---|---|---|---|
| १३.३ | ६२४ | २०७८-३-१८ | **बैठक भत्ता**- अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका,२०७५ को परिच्छेद ७ बुँदानं. ७.११ मा उल्लिखित बैठक भत्ताको मापदण्ड अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून बमोजिम गठन भएका समितिका बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था छ ।उल्लेखीत व्यवस्थाको विपरीत कार्यालयले कार्यालयका पदाधिकारी कर्मचारीहरुको मात्र सहभागितामा विभिन्न समिति तथा उप समितिको बैठक बसे वापतको खर्च लेखेको देखियो । यस्तै खर्च अन्यत्र पनि लेखेको हुनसक्ने भएकले कार्यालयले एकिन गरी असूल गर्नुपर्दछ । नमुना छनौटका आधारमा देहाय बमोजिमको खर्च भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु. | ८९,२५० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १३.३.१ | सुरेश वोहोरा | ८५० |
| १३.३.२ | अन्जु लामा | ८५० |
| १३.३.३ | कुमार प्रसाद उपाध्याय | ८५० |
| १३.३.४ | लाल बहादुर राना | ८५० |
| १३.३.५ | मतिन अहमद अन्सारी | ५,९५० |
| १३.३.६ | किशोर थापा | ११,९०० |
| १३.३.७ | निशार अहमद दर्जि | २,५५० |
| १३.३.८ | प्रजेश आले मगर | १,७०० |
| १३.३.९ | विकास जि.सि. | ११,०५० |
| १३.३.१० | दल बहादुर राना | ३,४०० |
| १३.३.११ | जित वहादुर श्रेष्ठ | ५,९५० |
| १३.३.१२ | गोपि चन्द्र चौलागाई | ७,६५० |
| १३.३.१३ | दिपक के.सी. | ६,८०० |
| १३.३.१४ | दिपेन्द्र कुमार पाण्डेय | ७,६५० |
| १३.३.१५ | राजेन्द्र प्रसाद बाजपेयी | ११,९०० |
| १३.३.१६ | ईश्वर कुमार बम | ५,९५० |
| १३.३.१७ | प्रतिभा वली | ८५० |
| १३.३.१८ | मनिज मण्डल | ८५० |
| १३.३.१९ | कल्पना गाहा | ८५० |
| १३.३.२० | दिल बहादुर खड्का | ८५० |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **शिक्षा** | |
| १४.१ | | | **शिक्षक दरवन्दी** –पालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि.,र मा.बि. कास्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन। | |
| १४.२ | | | **अनुदानको अनुगमन** - कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।पालिकाले पाठ्यपुस्तकमा रु.२७९९२८२।०० छात्रवृत्तिमा रु.२११३४००।०० र दिवाखाजामा रु २०३७४६०।०० अनुदान विद्यालयहरुमा पठाएको छ । विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन ।अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने देखिएको छ। | |
| १४.३ | विभिन्न | | **पाठ्यपुस्तक सोधभर्ना** पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदको रकम शोधभर्ना गर्दा विद्यालयले खरिद गरेको पुस्तकको संख्या र अध्ययनरत विद्यार्थी संख्यामा जुन घटि हुन्छ सोही संख्याको पुस्तकको रकम सोधभर्ना गरेको हुनुपर्दछ।पालिकावाट यस वर्षपाठयपुस्तक वापत ३९ विधालयलाइ रु२७९९२८२।०० निकासा गरेकोमा ४ वटा विधालयवाट सो सम्वन्धमा कुनै कागजात पेश नभएको र अन्य विधालयहरुमा केही नमुना छनौटको रुपमा परीक्षण गर्दा देहायका विद्यालयहरुलाई दिनुपर्ने भन्दा बढी निकासा सोधभर्ना गरेको देखियो।यस्तै पालिका अन्तरगतका अन्य विद्यालयमासमेत बढी निकासा भएको हुन सक्ने भएकोले कार्यालय आफैंले एकिन गरि असुल गर्नु पर्दछ । साथै देहाय अनुसारका विद्यालयहरुबाटउक्त रकम असुलगरिनुपर्नेदेखिएको रु | ४५,७२० |

| विधालयको नाम | निकासा रकम | विधालयको विलमा भएको खर्च र पुस्तक विरणको भरपाइ अनुसार | वढि निकासा भइ विधालय वाट फिर्ता हुनु पर्ने |
|---|---|---|---|
| ने रा मा वि भाटनपुर्वा | 319709.53 | 307741.94 | 11967.59 |
| मा वि शिवपुर | 257823 | 260298.93 | 2475.93 |
| ने रा प्रा वि वढैया | 85734.69 | 83830 | 1904.69 |
| ने रा प्रा वि करमोहना | 54163.69 | 53983 | 180.69 |
| जनता प्रा वि वनकटवा | 117879.8 | 88690 | 29189.8 |
| जम्मा | 835310.71 | 794543.87 | 45718.7 |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १४.३.१ | ने रा मा वि भाटनपुर्वा | ११,९६८ |
| १४.३.२ | मा वि शिवपुर | २,४७६ |
| १४.३.३ | ने रा प्रा वि वढैया | १,९०५ |
| १४.३.४ | ने रा प्रा वि करमोहना | १८१ |
| १४.३.५ | जनता प्रा वि वनकटवा | २९,१९० |

| | | | | |
|---|---|---|---|---|
| २४.१ | | | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्याविधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरणविभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्क्रिय रहेका लाभग्राहीहरुको वैक खाता समेतको अनुगमन निर्देशिका अनुसार गरिनु पर्दछ। | |
| २४.२ | | | **सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ | |
| २५ | | | **भ्रमण खर्च** | |
| २५.१ | | | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २५.२ | | | **राजश्व दाखिला** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम रु 8170686 ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| २५.३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १०२ जनालाई रोजगारी उपलव्ध गराई रु६३४६८६ खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| २५.४ | | | भ्रमण खर्च : लुम्बीनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| २६ | | | **विविध** | |
| २६.१ | 550 | २०७८-३-४ | **<u>नमुना कृषि खेति कार्यक्रम-</u>** व्यवसायिक तरकारी खेति गर्ने कृषकलाई प्रोत्साहन स्वरुप अनुदान रकम दिने कार्यक्रम अन्तरगत पालिकाले वडा न.५ बस्ने राम सोहन यादवलाई रु.७००००।- भूक्तानी भएको छ । यस सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् । | ७०,००० |

(क) सम्झौताको शर्त न. ८ मा उल्लेख भए अनुसार अन्तिम किस्ता माग गर्नु भन्दा पहिले सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सार्वजनिक सुनुवाई नगरी भूक्तानी गरेको पाईयो । सम्झौतामा उल्लेख भएको शर्तको पालना गर्नुपर्दछ ।
(ख) सम्झौताको शर्त न. ९ मा उल्लेख भए अनुसार पालिकाले अनुगमन तथा निरीक्षण गर्ने भनि उल्लेख भएता पनि अनुगमन गरी प्रतिवेदन दिएको छैन । अनुगमन गरी प्रतिवेदनको प्रमाण पेश गर्नुपर्ने रु.

२६.२ | विभिन्न | | ३०४,४४५.७९

**<u>आन्तरीक आय तर्फ</u>** पालिकाले आन्तरीक आय सकलनको लागि सफ्टवयेर खरीद गरी प्रत्येक वडामा प्रयोगमा ल्याएको छ । सफ्वेयरमा देखिएको प्रत्येक वडा अनुसारको राजश्व गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आ.व.२०७८।७८ को प्रत्येक वडाले उठाएको राजश्वको वार्षिक विवरण सफ्टवेयरमा हेर्दा वडाले दाखिला गरेको रकम निम्नानुसार फरक भएको देखिएको छ । पालिकाले संचित कोषमा दाखिला गरेको विवरण र सफ्टवयेर बाट प्राप्त भएको रकम निम्नानुसार फरक देखिएकोले कम दाखिला भएको रकम एकिन गर्नुपर्ने रु

| वडा न. | वडा सचिवको नाम | सफ्टवेयरमा भएको विवरण | दाखिला रकम | फरक रकम |
|---|---|---|---|---|
| १ | ईश्वर कुमार वम | 372410.04 | 276460.18 | 95949.86 |
| २ | कविता रेग्मी | 408630.76 | 369137.59 | 39493.17 |
| ३ | लाल वहादुर राना | 999741.16 | 973921.33 | 25819.83 |
| ४ | शिव बहादुर थापा | 1238796.65 | 1187064.47 | 51732.18 |
| ५ | अन्जु लामा | 566827.36 | 509874.79 | 56952.57 |
| ६ | शिव बहादुर थापा | 2447692.91 | 2413194.72 | 34498.18 |
| जम्मा 6034098.88 | | | 5729653.08 | 304445.79 |

२६.३ | 480 | २०७८-२-१० | १००,०००

**<u>प्रमाण पेश गर्नुपर्ने-</u>** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,2077 को नियम 39 को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ।कार्यालयले नियमावलीमा भएको नियम विपरीत पालिकाले आर्य सेवा समाजलाई खाना नास्ताको लागि रु.१०००००।- भूक्तानी गरेकोमा श्रेष्ताको साथमा विल तथा भरपाई संद्यऊद्ध नभएकाले खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

२७ | | | १,४००,०००

**गैर सरकारी संस्था मार्फत कार्य**

**गैर सरकारी संस्थाबाट कार्य –** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा भएको व्यवस्था बमोजिम जनचेतना सम्बन्धी तालिम,अभिमुखिकरण,सवलीकरण मुल प्रवाहिकरण जस्ता कार्य गैरसरकारी संस्था बाट गराउन सक्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा त्यस्तो कार्य १० लाख रुपैया सम्मको हुनुपर्ने र उक्त संस्था कानूनवमोजिम दर्ता भै सम्बन्धित सार्वजनिक निकायको मौजुदा सुचिमा समावेश भै नियमानुसार छनौट हुनुपर्ने व्यवस्था छ ।
पालीकाले यसवर्ष बातावरण तथा ग्रामीण विकास केन्द्र लाई नागरीक सहायता कक्षा (Help Desk)संचालनका लागि कार्य पालिकाको निर्णाएनुसार सम्झौता भई रु.१४०००००। भुक्तानी दिएको छ । कार्यालयमा आउने सेवाग्राहिलाई समन्वय र सहजीकरण गर्ने कार्य कार्यालयको नियमित जनशक्तिबाट सम्पादन हुनुपर्नेमा यस प्रकृतीको कार्य गैरसरकारी संस्था मार्फत गराईनु उचित नदेखिएकोले अनियमित देखिएको रु.

| | | | | |
|---|---|---|---|---|
| २८ | 33 | २०७७-७-४ | **भ्रमण खर्च दोहोरो भुक्तानी**<br>**भ्रमण खर्च-** भ्रमण खर्च नियमावलि,२०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका कर्मचारीले अनुसूचि-२ मा भएको दरमा दैनिक भ्रमण भत्ता पाउने र अन्य कुनै खर्च नपाउने व्यवस्था छ । शाखा अधिकृत वस वहादुर रानाले विभिन्न समयमा काजमा जाँदा नियमानुसार पाउने दैनिक भ्रमण भत्ताका साथै विभिन्न होटेलमा वसेको तथा खाना वापतको खर्च समेत भूक्तानी भएको पाईयो । यसरी नियमानुसार भन्दा वढी होटेल बास खर्च भूक्तानी भएको रकम रु.३२३३६।- असुल उपर गर्नुपर्ने रु. | ३२,३३६ |
| २९ | | | **नन् फाईलर** | |
| २९.१ | 86 | २०७७-७-२६ | **नन् फाईलर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट तलवि पे रोल नविकरण तथा प्राविधिक सहयोग वापतको लागि एम्फासिस् प्रा.ली. लाई रु. ४९७२००।- भुक्तानी दिएकोमा भ्याट रु.२८६००।- लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्मले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । त्यसकारण एम्फासिस् प्रा.ली.कर दर्ता न. ६०३५५०५६० को विजक न.0४ बाट भूक्तानी भएको रकमको कर समायोजन प्रमापत्र पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु. | २८,६०० |
| २९.२ | 18 | २०७७-७-१ | **नन् फाईलर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट राजश्व सफ्टवेयर नविकरण तथा प्राविधिक सहयोग वापतको लागि रारा ईन्नोभेसन प्रा.ली. लाई रु. 395952।- भुक्तानी दिएकोमा भ्याट रु.45552।- लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्मले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । त्यसकारण रारा ईन्नोभेसन प्रा.ली.कर दर्ता न. 606663953 को विजक न.02 बाट भूक्तानी भएको रकमको कर समायोजन प्रमापत्र पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु. | ४५,५५२ |
| ३० | १९३ | २०७७-९-१७ | **नर्म्स भन्दा वढी भूक्तानी**<br>**क) नर्म्स भन्दा बढी भूक्तानी-** लुम्विनि प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका,२०७५ को ४ सवै प्रकारका तालिम गोष्ठी सेमिनार र कार्यशाला समवन्धी खर्चको मापदण्डको सि.न.३ मा सम्वन्धित कार्यालयको प्रशिक्षक रहेकोमा कक्षा वापतको भत्ता भूक्तानी नहुने र कार्यपत्र वापत प्रति कक्षा रु.७०० का दरले भूक्तानी दिने भन्ने व्यवस्था छ । पालिकले सञ्चालन गरेको उपभोक्ता अभिमुखिकरण कार्यक्रममा कार्यालय भित्र कै विभिन्न ४ जना कर्मचारीले कक्षा दिए वापत ६ दिनको प्रतिकक्षा वापत १५०० का दरले कर कट्टा गरी रु.३०६००।- भूक्तानी भएको छ । कार्यपत्र वापत प्रतिकक्षा वापत रु.७०० का दरले भूक्तानी हुनुपर्नमा श्रेष्ताको साथमा कार्यपत्र समेत नरहेको हुनाले सम्वन्धित बाट असुल गर्नुपर्ने रु.<br>**ख) अनुगमन भत्ता** लुम्विनि प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका,२०७५ को ४ सवै प्रकारका तालिम गोष्ठी सेमिनार र कार्यशाला समवन्धी खर्चको मापदण्डमा अनुगमन तथा सहकार्य भत्ता दिने व्यवस्था नभएकोमा पालिकले सञ्चालन गरेको उपभोक्ता अभिमुखिकरण कार्यक्रममा विभिन्न ४ जनालाई उक्त भत्ता भुक्तानी गरेको पाईयो । नियमानुसार भुक्तानी गर्न नमिल्ने भत्ता कर कट्टी गरी रु २०४००।- सम्वन्धित बाट असुल गर्नुपर्ने रु. | ५१,००० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३०.१ | मतिन अशमद अन्सारी | ७,६५० |
| ३०.२ | राजेन्द्र प्रसाद बाजपेयी | ७,६५० |
| ३०.३ | राम निवास यादव | ५,१०० |
| ३०.४ | भुमि सरा धिताल | ५,१०० |
| ३०.५ | राज कुमार धोवि | ५,१०० |
| ३०.६ | किशोर थापा | ५,१०० |
| ३०.७ | बम बहादुर राना | ७,६५० |
| ३०.८ | निसार अहमद जर्सी | ७,६५० |

| | | | | |
|---|---|---|---|---|
| ३१ | | | **पालिका पूजिगत तर्फ** | |
| ३१.१ | | | **विल वेगर भुक्तानि :**सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३**(**१ घ**)** अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ ।पालिका वाट ठेक्का न १०।०७७।७८ को सडक कालोपत्रे कार्यका लागि निर्माण व्यवसायि श्री पुष्पाञ्जलि पी एस जे भि लाइ पहिलो रनिङ विलको भुक्तानि गर्दा सूचना पार्टीमा राखे वापतको रु २००००।०० भुक्तानि दिएकोमा उक्त आइटम प्राभीजनल सममा रहेकोले सो को विल वेगर भुक्तानि दिएकोले उक्त रकम सम्वन्धित फर्म वाट असुल हुनुपर्ने | २०,००० |
| ३१.२ | | | **घटि कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) मा भएको व्यवस्था वमोजिम स्विकृत बोलपत्रको कार्यसम्पादन जमानत दाखिला गर्दा लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटि कबोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थपगरी कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले ठेक्का नं.७ ।०७७।०७८ को सडक कालोपत्रे कार्यको कुल सम्झौता रकम रु.११६४६८५२।३७(मू अ कर समेत) रहेकोमा सो को कार्यसम्पादन जमानत रु.२६६५८३१।९९ हुनुपर्नेमा रु.२३६०००० मात्र रहेकोले नपुग रकम रु.३०५८३१।६१ को बैंक जमानत पेश हुनुपर्ने रु | ३०५,८३२ |
| ३१.३ | विभिन्न | | **दोहोरो भत्ता** गो भौ न २।०७७।१०।२९ मा गाँउपालिकाको छ वटै वडामा ५० वर्ष भन्दा माथिका महिलाहरुको पाठेघर र अन्धोपन निवारणका लागि भिजन आँखा अस्पताल र हेल्थ केयर अस्पताल तथा प्रसुति गृह नेपालगँज संग संझौता गरी २०७७।९।२४ र २५ गते संचालन भएकोमा पाठेघर सम्वन्धि ८७ जना र आँखा शिविरमा ४४३ जनाले स्वास्थ्य सुविधा लिएको उल्लेख छ । उक्त कार्यक्रममा पालिका वाट रु १० लाख खर्च लेखेकोमा उक्त साझेदार संस्थाहरुको अंश उल्लेख छैन भने उक्त शिविर संचालन निम्नानुसार व्यक्तिले दोहोरो भत्ता वुझेकोको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु ८९२५।०० | ८,९२५ |

| पदाधिकारी तथा कर्मचारीको नाम | कर कट्टि पश्चात रकम भुक्तानि |
|---|---|
| अध्यक्ष राम निवास यादव | २५५० |
| दल वहादुर राना | २५५० |
| प्र प्र अ वस वहादुर राना | १२७५ |
| डा प्रचण्ड गौतम | २५५०।०० |
| जम्मा | ८९२५।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१.४ | | | **प्रमाण पेश:**सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ । पालिका वाट अध्यक्ष सँग साना सिँचाइ कार्यक्रमका लागि २५७ सेट १ दशमलव ५ हर्ष पावरका पानि तान्ने विधुतिय पम्प मेसिन वोलपत्रको माध्यमवाट रु ३९५७४१७।०० मा आपूर्ति कर्ता श्री सूर्य रोशनी इन्ड्रष्टिज प्रा लि वाट खरीद गरेकोमा लेखापरीक्षण अवधि सम्म मौज्दात राखेकोले सो को वितरण गरेको प्रमाण र छनौट गरेका कृषकहरुको विवरण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने | ३,९५७,४१७ | |
| ३१.५ | | | **सिमाभन्दा बढि पेश्की –** सार्वजनिक खरिद ऐनको दफआ ५२(क) मा भएको व्यवस्था अनुसार खरिद सम्झौता पश्चात सम्झौता रकमको २० प्रतिशत मा नबढ्ने गरी पेश्की दिन सकिने र पहिलो पटकमा स्विकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाकि रकम कार्य प्रगतीका आधारमा दिन सकिने उल्लेख छ ।गाँउकार्यपालिकाको प्रशासनिक भवन निर्माणका लागि रु ५९७०४८२५।२३( मु अ कर समेत )को लागत अनुमान तयार भै वोलपत्र आह्ववान भएकोमा सवै भन्दा घटी रकम रु ४२२८४७१०।४२ मु अ कर समेत (२९।४४ प्रतिशत )घटिमा २४ महिनामा कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायि श्री थेगोम श्री कृष्ण निशान जे भि सँग सम्झौता भएकोमा मोविलाइजेशन पेश्कि समेत जम्मा रु १६६८४८१५।०० भुक्तानि भएको छ भने सो को भौतिक प्रगति लेखापरीक्षणमा पेश भएन ।<br>उक्त भवनको लागत अनुमान परामर्श दाता द्रारा आ व २०७५।०७६ मा गरेको भन्ने जवाफ प्राप्त भएता पनि सो को दर विश्लेषण लेखापरीक्षणमा पेश नभएको ले लागत अनुमान यकिन गर्न सकिएन भने निर्माण व्यवसायिले गरेको कार्य प्रगतिको प्रयाप्त विश्लेषण नगरी सिमा भन्दा वढी रु ४२२५०००।०० मोविलाइजेशन पेश्कि दिनु नियमसम्मत मान्न सकिएन रु | ४,२२५,००० | |
| ३२ | | | **पालिका पूजिगत तर्फ** | | |
| ३२.१ | | | **प्रमाण पेश:** गो भौ न २३।०७८।३।२२ मा सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ ।सुरक्षित आवास कार्यक्रमका लागि पालिका द्धारा छ वटै वडा वाट २१० परीवार छनौट गरी ०७६।७७ को दोश्रो किस्ता बापत रु २०००० का दरले ६८ परिवार वाँकि ०७७।७८ का १४२ परिवार लाइ रु ३०००० का दरले कूल रु ५६२७०००।०० परिवारको खातामा रकम उपल्ब्ध गराइएकोमा सो को छनौटको निर्णय सो कार्यको मापदण्ड र उक्त कार्य सम्पन्न भएको प्रमाण पेश नभएकोले उक्त कार्यको प्रमाण पेश हुनुपर्ने ५६२७०००।०० | ५,६२७,००० | |
| | 655 | | | | |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ३२.२ | | २०७८-३-२५ | **प्रमाण पेश :** गो भौ न ६५५।०७८।३।२५ मा सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवश्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ ।पालिका वाट १५ शैयाको अस्पताल भवन निर्माणको डि पी आर तयारका लागि नेपाल ट्रेड एण्ड इन्जिनियरीङ प्रा लि काठमाण्डौ लाइ रु २७३८७८१।०० भुक्तानि दिएकोमा सो को इष्टिमेटको नर्म्स र छनौटको प्रक्रियाको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु २७३८७८१।० | २,७३८,७८१ |
| ३२.३ | 203 | २०७८-३-३१ | **प्रमाण पेश:** गो भौ न २०३।०७८।३।३१ मा सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवश्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ । पालिका वाट विभिन्न सडकको डि पि आर वापत होम डिजाइन कन्सल्टेन्ट प्रा लि काठमाण्डौ लाइ रु १९६१६०२।०० भुक्तानि दिएकोमा इष्टिमेटको नर्म्स र छनौटको प्रक्रियाको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु | १,९६१,६०२ |
| ३२.४ | | | **प्रमाण पेश:** गो भौ न २६।०७८।३।२३मा सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवश्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ ।पालीका वाट जानकी मा वि खजुराखुर्द लाइ राष्टपति शैक्षिक सुधार कार्यक्रमका लागि रु ६५११८३।०० भुक्तानि दिएकोमा कार्यक्रमलाइ पुष्टायाइ गर्ने कागजात पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु | ६५१,१८३ |
| ३२.५ | 23 | २०७८-३-२२ | **प्रमाण पेश:** गो भौ न २३।०७८।३।२२ मा सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवश्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।सुधारीएको चुल्हो वायो ग्यास प्रविधि जडान लागि नागरिक हर्नजा देव कम्पनि वाट ३२ थान १०८०० का दरले खरिद गरेकोमा सो को वितरण नगरी मौज्दात राखेको पाइएकोले सो को लाभग्राहि छनौट र वितरणको भरपाइ पेश हुनुपर्ने रु ३९०५२८।०० | ३९०,५२८ |
| ३३ | | | **पालिका पूजिगत तर्फ**<br>**घटि रकम असुल हुनुपर्ने:** सौर्य उर्जा प्रविधि जडानका लागि वडा न ६ मा कुल लागत अनुमान रु ६०४३५४।०६मा उपभोक्ता समिति सँग सम्झौता भइ ०७८ असार मसान्त सम्ममा सम्पन्न गर्ने र सो को लागी गाउपालिका वाट रु ५७५०३६।०० र उपभोक्ता समितिले रु २९३१७।०० व्यहोर्ने उल्लेख भएकोमा खुद काम रु ६००९१५ को कार्य सम्पन्न भएकोमा संम्झौता अनुसार पालिका वाट रु ५८२०००।०० र उपभोक्ता समिति वाट रु १४४०।०० मात्र व्यहोरेकोले पालिका वाट वढी भुक्तानि भएको रु ७००० र उपभोक्ता समितिवाट घटि व्यहोरेको रु २७८७७।०० गरी जम्मा रु ३४८७७।०० उपभोक्ता समिति वाट असुल हुनुपर्ने रु ३४८७७।० | ३४,८७७ |
| ३४ | | | **खर्चमा मितव्ययीता**<br>**खर्च मितव्यिता कायम गर्नु पर्ने**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो । | |

| **शिर्षक** | **बार्षिक बजेट** |
|---|---|
| सभामापेश भएको कुल बजेट | 693604300.00 |
| अवण्डा बजेट | 3000000.00 |
| रकमान्तर भएको रकम | 0.00 |
| **खर्च तर्फ** | **बार्षिक खर्च रकम** |
| मर्मत खर्च | 887855.00 |
| ईन्धन खर्च | 1961842.00 |
| विविध खर्च | 2493636.00 |
| आर्थिक साहायता | 799127.00 |
| अनुगमन खर्च | 0.00 |
| भ्रमण खर्च | 1073981.00 |
| सेवा परामर्श खर्च | 3088650.00 |
| कर्मचारी पारीश्रमीक | 16427267.00 |
| पदाधिकारी पारीश्रमिक | 8944000.00 |
| बैठक भता | 482796.00 |
| प्रोत्साहन खर्च | 0.00 |
| कुल कन्टिजेन्सी खर्च | 0.00 |
| करार कर्मचारी……. संख्याको लागी खर्च रकम | 15687395.00 |
| | **51846549.00** |

प्रोत्साहन खर्चको मापदण्ड कार्यविधि तयार नगरी मितव्ययी तवरले खर्च गरेको छैन । विद्युतिय हाजिरी अभिलेख र सुचक बेगर प्रोत्सान खर्च लेखेको छ ।
भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो ।
मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।

<table>
<tr><td></td><td></td><td></td><td>निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।<br>विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।<br>यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>नीजि संस्था अनुदान<br>नीजि संस्था लाई अनुदान लुम्बिनी प्रदेश एकिकृत अनुदान मापदण्ड २०७६को बुदा न ८ मा लागत सहभागिता क्षमता जस्ता पक्ष मुल्याङ्कन गरी अनुदानग्राही छनौट गर्ने व्यवस्था छ । यसै गरी सोही मापदण्डको २१ अनुसार अनुदानवाट भएको कार्यको प्राबिधिक जाँचपास हुनु पर्ने ब्यवस्था रहेको छ । लुम्बिनी प्रदेश सरकार सशर्त कार्यक्रम अन्तर्गत सत्या हर्वल उद्योगमा प्रशोधन मेशीन जडानवापत रु२८७०००० खर्च भएकोमा देखिएका व्यहोरा निम्ननुसार रहेका छन् ।<br>क) एकता ईन्जिनरीङ्वाट खरिद भएको मुल्यरु २८७००००को ७ के एल एक्ट्राभेटेशन ईक्कयुपमेन्ट मिति २०७८।३।२२मा हर्बल उद्योगलाई हस्तान्तरण भएको छ । नीजि नाफामुलक संस्थालाई शत प्रतिशत अनुदानमा मेशिन उपलब्ध गराएको पाईएकोले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।<br>ख) सम्झौताको शर्त न ५ मा कर र धरौटी कट्टी गर्ने उल्लेख भएकोमा सो कट्टा नभएको कर रु ४३०५० र धरौटी रु १४३५०० सप्लार्यस वाट असुल गर्नु पर्ने रु<br>ग आपुर्ति सम्झौता अनुसार प्राविधिक जाँचपास पश्चात भुक्तानी हुने उल्लेख भएकोमा प्राविधिक जाँचपास भएको छैन भने १ बर्ष बारेन्टी रहेको मेशिन उपलब्ध गराउने सम्झौता अनुसार वारेन्टी खुल्ने कागजात पेश भएन ।<br>घ कार्यालयवाट मेशिन हस्तान्तरणका लागी अनुदानग्राही सत्यहर्बल प्रोड्कस सँग कुनै प्रकारको सम्झौता भएको छैन । कार्यालयले हस्तन्तरण पश्चात सामाग्री अवस्था समबन्धमा अनुगमन समेत नगरेकोले हस्तान्तरण भएको सामाग्री दुरुपयोग हुने जोखिम रहन्छ ।कार्यालयले नियमित अनुगमन गर्नु पर्दछ ।</td><td>१८६,५५०</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>अनुगमन र सम्परीक्षण<br>अनुगमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।<br>यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण अनुरोध नभएकोले गत बर्ष सम्म बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><td>गत वर्षसम्मको बेरुजू<br>(A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</td><td>गत वर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</td></tr>
<tr><td>११५६६४३२४</td><td>०</td><td>११५६६४३२४</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>बेरुजु अध्यावधिक स्थिती<br>अद्यावधिक वेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<br>
<table>
<tr><td>गत वर्षसम्मको बाँकी बेरुजू (A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</td><td>यो वर्ष कायम बेरुजू(C)</td><td>संपरीक्षणबाट कायम बेरुजू(D)</td><td>अध्याविधक बाँकी बेरुजू<br>(E=A-B+C+D)</td></tr>
<tr><td>११५६६४३२४</td><td>०</td><td>५३०५८०५८</td><td>०</td><td>१६८७२२३८२</td></tr>
</table></td><td></td></tr>
</table>